**सूचनाको हक सम्बन्धी नियमावली, २०६५** को नियम ३ मा उल्लेखित अनिवार्य प्रकाशनका विषयहरू।

**क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण**

- आर्थिक वर्ष ०७७।०७८ का यस इकाइबाट आधारभूत तहका ४७२ जना शिक्षकहरूका लागि एकीकृत पाठ्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो।
- स्थानीय तहका शिक्षा शाखामा कार्यरत कर्मचारी एवम् सामाजिक विका समितिका संयोजकहरूलाई २ दिने शैक्षिक नीति अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो।
- ३६ जना विद्यालयका प्रधानअध्यापक एवम् लेखा सम्बन्धी काम गर्ने कर्मचारीहरूका लागि विद्यालय लेखापालन तथा सार्वजनिक खरीद सम्बन्धी तालिम संचालन भएको थियो।

**ख) सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण**

- यस इकाइको वेवसाइट रहेको र उक्त वेवसाइटको web address: www.edcumyagdi.gov.np रहेको छ।

ख१) **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण।**

- उल्लेख भए अनुसारको सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग प्राप्त नगरेको।

ख२) **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

- चालु आर्थिक वर्ष ०७८।०७९ को पहिलो चौमासिकको हालसम्मको अवधिमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट कार्यक्रम कार्यान्वयन पुस्तिका स्वीकृत भइ नआइसकेको हुँदा कार्यक्रम संचालन हुन नसकेको।

ख ३) **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

ख४) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय,

- चालु आर्थिक वर्ष ०७८।०७९ को पहिलो चौमासिकको हालसम्मको अवधिमा सूचना माग सम्बन्ध निवेदन प्राप्त नभएको।

**ग) सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण।**

- सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन हुने व्यवस्था नरहेको।